**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०५ संख्याः ०६ मितिः २०७९/०९/१७ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## गरिवसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९

**पृष्ठभूमिः**

हाम्रो देशमा विकराल समस्याको रुपमा रहेको विद्यमान गरिबीलाई निवारण गरि बिपन्न जनताको आर्थिक, सामाजिक र शैक्षिक स्तरलाई माथि उठाउनु नै राष्ट्रका सामु सबैभन्दा ठुलो चुनौती रहेको छ । आठौं योजनाकालदेखि नै गरिबी निवारणलाई प्रमुख उद्देश्यमा राखी विविध क्षेत्रगत तथा लक्षित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिएका छन् । सोही अनुरुप अतिविपन्न परिवारहरुलाई लक्षित गरि भेरिगंगा नगरपालिकाले “गरिबसँग नगरप्रमुख कार्यक्रम” लागु गरि अति विपन्न नागरिकलाई आर्थिक, सामाजिक, भौतिक, शैक्षिक तथा अत्यावश्यक साधन एवं स्रोत र सुविधाहरुमा पहुँच बढाउँन आवश्यक ठानी अति गरिब जनताहरुको आत्मविश्वास बढाउनुका साथै विकास प्रक्रियाको तर्जुमा, कार्यान्वयन र सञ्चालनमा सक्रिय सहभागिता बनाई उनीहरुलाई मूलप्रबाहमा संलग्न हुन सक्ने अवसर प्रदान गर्नेछ भन्ने मान्यतालाई आत्मसाथ गर्दै गरिबसँग नगरप्रमुख कार्यक्रमले आर्थिक रुपले अति विपन्न परिवारलाई जीवनयापनमा सरलीकरण गराउनुका साथै विकास प्रक्रियामा समेत सहभागिता हुने विश्वासका साथ भेरीगंगा नगरपालिकाको ११ औं नगरसभाको स्वीकृत कार्यक्रमका आधारमा, नगर कार्यपालिकाको मिति२०७९।०९।१७ को बैठकको निर्णय अनुसार कार्यान्वयनका

लागि भेरिगंगा नगरपालिकाले गरिवसँग नगरप्रमुख कार्यक्रम कार्यान्वन निर्देशिका २०७९तयार गरि लागु गरेको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "गरिबसँग नगरप्रमुख कार्यकम कार्यान्वयन निर्देशिका २०७९" रहेको छ ।

(ख) यो निर्देशिका भेरिगंगा नगरपालिकाको नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "गरिब" भन्नाले भेरीगंगा नगरपालिका भित्रस्थायी बसोबास गर्ने नेपाल सरकारले तोकेको वार्षिक न्युनतम आय भन्दा कम आय भएका नागरिकलाई जनाउँछ ।

(ख) "निर्देशिका" भन्नाले गरिबसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९ लाई जनाउँछ ।

**३. उद्देश्य** : कार्यक्रम सन्चालित क्षेत्रका अति विपन्न परिवारलाई गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा तथा रोजगारीका साथै आयमूलक क्रियाकलापको माध्यम्बाट आर्थिक तथा सामाजिक क्रियाकलापहरुमा संलग्न गराउँदै गरिवीको रेखाबाट माथि उठाई स्वावलम्वनतर्फ अग्रसर गराउनु यसको मुलभूत उद्देश्य रहेको छ। यसका अतिरिक्त अन्य विशिष्ट उद्देश्यहरु यसप्रकार छन् ।

३.१ विपन्न परिवारलाई स्थानीय सरकारको अनुभुति दिलाईतत्कालिन सहयोगहरु गर्ने ।

३.२ प्राकृतिक विपद्मा तत्कालिन तथा दीर्घकालिन अनुदान सहयोग प्रदान गर्ने ।

३.३ परम्परागत सीपको अभिबृद्धि गर्दै लघुउद्यम्बाट स्वरोजगारी सिर्जना गर्ने साथै आवास, जीविकोपार्जन तथा ब्यबसायिक सहयोगहरु प्रदान गर्ने ।

३.४ गरिब तथा विपन्न परिवारका छोराछोरीलाई गरिब तथा जेहन्दार छात्रवृत्ति प्रदान गर्ने ।

३.५ स्थानीय स्तरमा मानव संशाधनको विकास गरि सामाजिक पुंजीको विकास गर्ने ।







३.६ सरकारले पहिचान गरेका गरिब घरपरिवारलाई लक्षित गरेर राहात, आर्थीक सहयोग तथा अनुदानका कार्यक्रमहरु सञ्चालन गर्ने ।

३.७ युवा स्वरोजगार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम, उपप्रमुख स्वरोजगार कार्यक्रम, गरिबी निवारण कोष लगायतका अन्य कार्यक्रमसँग निकटतम् र समन्वयात्मक सम्बन्ध स्थापित गरि कार्यक्रमहरु सन्चालन गर्ने ।

**४. कार्यक्रम कार्यान्वयन गर्दा देहायबमोजिमका कार्यनीतिहरुको अवलम्बन गरिनेछः**

४.१ नगर प्रमुखको नेतृत्वमा कार्यक्रम सन्चालन गरिनेछ। यसरी सन्चालित कार्यक्रमको कार्यान्वयन, सुपरिवेक्षण तथा प्रतिवेदन रोजगार सेवा केन्द्रको रोजगार संयोजकबाट गरिनेछ ।

४.२ हरेक वडामा न्युनतम् आय आर्जनमा संलग्न नभएका परिवारलाई अति गरिबको रुपमा पहिचान गरिनेछ । अति गरिब पहिचान तथा छनौट गरिवसंग नगरप्रमुख कार्यक्रम सञ्चालक समितिले निर्णय गरेअनुसार हुनेछ ।

४.३ विपन्न परिवारका सदस्यहरुलाई स्वेच्छिक रुपमा समूह तथा सामुदायिक संस्थामा संगठित हुनका लागि उत्प्रेरित गरिनेछ ।

४.४ समूह/संस्थामा संलग्न भएका वा नभएका अतिगरिब विपन्न ब्यक्तिहरुलाई आधारभूत तालिममा संलग्न गराउनका लागि सहजिकरण गरिनेछ ।

४.५ पहिचान भएका विपन्न तथा गरिव परिवारलाई उनिहरुको आबश्यक्ता अनुसारको राहत, अनुदान तथा अन्य सहयोग वितरण गरी सेवालाई सुव्यवस्थित गराइनेछ ।

४.६ सीप अभिवृद्धि तथा विकासका लागि सीप विकास तालिमहरु सन्चालन गरिनेछ ।

४.७ व्यवसायलाई कुशलतापूर्वक सञ्चालन गराउँन व्यवसाय व्यवस्थापन तालिममा गरिब विपन्न परिवारलाई सरिक हुने अवसर सिर्जना गरिनेछ।

४.८ समुह वा ब्यक्तिका योजनाहरुलाई स्थानीय तहको सहभागीतामूलक योजना प्रक्रियासुग आबद्ध गराइनेछ ।

४.९ यस कार्यक्रमको अनुगमन नगर स्तरको उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिले समेत गर्नेछ ।

**५. कार्यक्रम सन्चालक समिति गठन तथा कार्यक्रम कार्यान्वयनः**

५.१ यो कार्यक्रमको सन्चालन नगर प्रमुखको नेतृत्वमा तपशिल अनुसारको नगरपालिका स्तरीय “गरिवसंग नगरप्रमुख कार्यक्रम सञ्चालक समिति” गठन गरी गरिनेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सहसंयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |
| (ङ)रोजगार संयोजक | सदस्य सचिव |

५.२ रोजगार सेवाकेन्द्र मार्फत कार्यक्रम कार्यान्वयन, समन्वय एवम् कार्यक्रमको सन्चालन गरिनेछ साथै अतिगरिब व्यक्तिको पहिचान तथा छनोट रोजगार सेवाकेन्द्र मार्फत सञ्चालक समितिले गर्नेछ ।

५.३ माथि जुनसुकै कुरा उल्लेख गरिएतापनि अति गरिव उत्थानका कार्यक्रमहरु छनोट, कार्यक्रममा सहभागि छनौट तथा अन्य कार्यक्रम कार्यान्वयन गर्न “गरिवसंग नगरप्रमुख सञ्चालक समिति”को निर्णय नै अन्तिम हुनेछ ।

५.४ यो कार्यक्रम सन्चालन गर्न बार्षिक बजेटको ब्यबस्था गरी प्रत्येक आर्थिक बर्षमा निरन्तरता दिईनेछ । कार्यक्रम कार्यान्वयन गर्नका लागि तपसिल अनुसारको शीर्षकमा तथा क्षेत्रमा अतिगरिव परिवारलाई सहयोग तथा राहात, अनुदान प्रदान गरिनेछ ।

<u>तपसिलः</u>

१. व्यवसायिक अनुदान बितरण
२. आवास तथा पूर्वाधार सहयोग कार्यक्रम
३. पोषण तथा उपचार सहयोग
४. आपतकालिन राहत/उद्धार सहयोग कार्यक्रम
५. छात्रवृति वितरण कार्यक्रम
६. कार्यक्रम सन्चालन तथा व्यवस्थापन
७. अन्य भैपरि आउने सहयोग





गरिवसँग नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९

**६. यस कार्यक्रमको कार्यान्वयन क्षेत्र देहायअनुसार हुनेछ :**

यो कार्यक्रम भेरीगंगा नगरपालिकाका वडाहरुमा क्रमशः सन्चालन गरिनेछ । तथापी भुगोल तथा अति विपन्नतालाई प्राथमिकतामा राखिनेछ साथै गरिव हो हैन भनी विवरण जाँचबुझ सन्चालक समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ ।

**७. यो कार्यक्रम सन्चालन गर्दा अतिगरिव परिवार छनोटको आधार यसप्रकार हुनेछ :**

यस कार्यक्रममा छनोट हुने अतिविपन्न परिवार वा ब्यक्ति तपशिल बमोजिमको प्राथमिकताक्रमका आधारमा छनोट गरिनेछ ।

(क) नगरपालिका भित्र स्थायी बसोवास गर्ने हरेक उमेर समुहका नागरिक ।
(ख) आफ्नो घरजग्गा नभएको वा असुरक्षित या जीर्ण घर र न्यून जग्गा भएको ।
(ग) न्युनतम् रोजगारीमा संलग्न नभएको ।
(घ) दैवीप्रकोप तथा आपतबिपतमा परेको ।
(ङ) अधिया कमाईको भर पर्ने, अरुको जग्गा वा लिगढिकमा घर छाप्रो बनाएर बसेको ।
(च) परिवारको कुनै सदस्यको नियमित आयस्रोत नभएको ।
(छ) आाधरभूत शिक्षा तथा स्वास्थ्य सेवाको सुविधाबाट बन्चित भएको ।
(ज) अशक्त, अपाङ्ग र असहाय भएको ।
(झ) खर, फूसको छाना भएको ।
(ञ) मुस्किलले दुई छाक टार्ने परिवार ।

**८.** यस कार्यक्रमबाट लाभ लिनका लागि नगरपालिका भित्रका अतिविपन्न नागरिकले तपशिलको विवरण सहित स्वयम् व्यक्तिले नगर प्रमुख समक्ष अनुसुची १ बमोजिम निबेदन पेश गर्नुपर्नेछ ।

(क) निवेदन
(ख) अतिविपन्नको सिफारिस
(ग) नेपाली नागरिकताको प्रतिलिपी
(घ) अन्य भएमा ।

अनुसूची १

भेरीगंगा नगरपालिकाको गरिबसंग नगरप्रमुख कार्यक्रमको दफा ८ संग सम्बन्धित

**निबेदनको ढाँचा**

मितिः .........................

श्री नगर प्रमुख ज्यू,
भेरीगंगा नगरपालिको कार्यालय, छिन्चु, सुर्खेत

बिषय : गरिवसंग नगरप्रमुख कार्यक्रममा सहभागी गराईपाउँ ।

महोदय,
नम्र निबेदन गर्नको कारण यो छकी म आर्थीक अवस्था निकै कमजोर भएको व्यक्ति हुँ । मेरो कुनैपनि नियमित आम्दानी हुने स्रोत छैन । मलाई आफ्नो घरपरिवार पालनपोषण गर्न र शिक्षा, स्वास्थ्य उपचार गर्न निकै कठिनाई भैरहेको छ । अतः मलाई नगरपालिकाबाट सन्चालन हुने गरिवसंग नगरप्रमुख कायक्रममा सहभागी गराई मेरो परिवारलाई आय आर्जन कार्य तथा अन्य सहयोग गरि गरिवी निवारण गर्न सहयोग गरिदिन हुन बिनम्र अनुरोध गर्दछु ।

निबेदक
दस्तखतः
नामः
ठेगानाः
परिवार संख्याः
सम्पर्क नम्बरः

आज्ञाले
**कृष्ण प्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत